# स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी व्यवस्थापन कार्यविधि (संशोधन सहित),२०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः- २०८१।०३।२०

**प्रस्तावनाः**

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिएको सन्दर्भमा नेपाल सरकारबाट आवश्यक मात्रामा शिक्षक दरबन्दी व्यवस्थापन नगर्दासम्म गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक तथा धार्मिक विद्यालयहरुमा शिक्षक विद्यार्थीको अनुपातका आधारमा तहगत तथा विषयगत शिक्षक व्यवस्थापन गर्न तथा माध्यमिक विद्यालयमा पुस्तकालयलाई व्यवस्थित र प्रभावकारी बनाउन पुस्तकालय सहायक कर्मचारी छनौट गर्न स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले दिएको अधिकार प्रयोग गरी स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी छनौट मापदण्ड निर्धारण, परीक्षा सञ्चालन, नियुक्ति तथा पदस्थापनलाई व्यवस्थित, मर्यादित एवम स्तरीय बनाउन र योग्य एवम सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिबृद्धि गर्न स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी व्यवस्थापन कार्यविधि,२०८१ जारी गरिएको छ ।

## परिच्छेद -१
## सक्षिप्त नाम र प्रारम्भ

१.**संक्षिप्त नाम र प्रारम्भः-** (१)यो कार्यविधिको नाम "स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी व्यवस्थापन कार्यविधि,२०८१" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "पूर्व प्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मायादेवी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले नेपालको सविधान बमोजिम गठन भएको मायादेवी गाउँपालिकालाई सम्झनुपर्छ ।

(घ) "छनौट समिति" भन्नाले दफा १७ बमोजिम गठन हुने स्वयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी छनौट समितिलाई सम्झनुपर्छ ।

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

CamScanner

(ङ) "प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली २०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ ।

(च) "अध्यक्ष" भन्नाले मायादेवी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मायादेवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "व्यवस्थापन समिति" भन्नाले मायादेवी गाउँपालिकाको गाउँ शिक्षा नियमावली,२०७५ को नियम २६ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(झ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको अधिकृतस्तरको कर्मचारीलाई सम्झनुपर्छ ।

(ञ) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा, युवा तथा खेलकुद हेर्ने शाखालाई सम्झनुपर्छ ।

(ट) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनुपर्छ ।

(ठ) "प्राथमिक स्वंयसेवक शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्ती भएको प्राथमिक तह कक्षा १-५ मा अध्यापन गर्ने शिक्षक सम्झनुपर्छ ।

(ड) "निम्नमाध्यमिक स्वंयसेवक शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्ती भएको आधारभूत तह कक्षा ६-८ मा अध्यापन गर्ने स्वंयसेवक शिक्षकलाई सम्झनुपर्छ ।सो शब्दले आधारभूत तह कक्षा ६-८ मा अध्यापन गर्ने कम्प्युटर शिक्षक समेतलाई जनाउँछ ।

(ढ) "माध्यमिक स्वंयसेवक शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्ती भएको माध्यमिक तहमा अध्यापन गर्ने स्वंयसेवक शिक्षकलाई सम्झनुपर्छ । ।सो शब्दले माध्यमिक तह कक्षा ९-१२ मा अध्यापन गर्ने कम्प्युटर शिक्षक समेतलाई जनाउँछ ।

(ण) "पुस्तकालय सहायक कर्मचारी" भन्नाले सामुदायिक विद्यालयको माध्यमिक तहमा पुस्तकालयको रेखदेख तथा व्यवस्थापन गर्न खटिएका कर्मचारीलाई जनाउँछ ।

(त) "विषय विशेषज्ञ" भन्नाले स्वंयसेवक शिक्षक छनौट परीक्षा सञ्चालनको लागि शिक्षा विकास तथा समन्वय इकाइ वा गाउँपालिकामा सूचिकृत भएका प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरुमध्ये ५ वर्ष भन्दा बढी सम्वन्धित विषयमा अध्यापन अनुभव भएका स्थायी शिक्षक सम्झनुपर्छ ।

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

## परिच्छेद २

### दरबन्दी सृजना, योग्यता र छनौट तथा नियुक्ती प्रक्रिया

**३. स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारीको दरबन्दी सृजना गर्न सक्नेः-**

(१) गाउँ कार्यपालिकाबाट स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकाले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका स्वंयसेवक शिक्षकहरुको अनुदान कोटा (दरबन्दी) सृजना गर्न सक्ने छ ।

(२) स्वंयसेवक शिक्षकको कोटा (दरबन्दी) वितरण देहाय बमोजिमका मापदण्डको आधारमा वितरण गरिनेछ ।

(३) शून्य दरबन्दी भएको विद्यालयहरुलाई पहिलो प्राथमिकता दिने ।

(४) एकजना मात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई थप गर्ने ।

(५) विद्यालयमा सञ्चालिक कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने ।

(६) आधारभूत तह (कक्षाः६-८) र माध्यमिक तह कक्षा (कक्षाः९-१२) सञ्चालित विद्यालयहरुको हकमा विषयगत दरबन्दी लाई समेत आधार लिई वितरण गरिनेछ ।

(७) पुस्तकालय सहायक कर्मचारी कक्षा १-१२ सञ्चालित विद्यालयमा वितरण गरिनेछ । आवश्यकता भएका कक्षा १-१० सञ्चालित विद्यालयलाई पनि वितरण गर्न सकिनेछ।

**४. स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी को योग्यता तथा तालिम सम्बन्धी व्यवस्थाः-** दफा ३ बमोजिम सृजना भएका दरबन्दी नियुक्त हुने शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिमको हुनेछः

(१) प्राथमिक तहः

(क) नेपाली नागरिक

(ख) मान्यता प्राप्त शिक्षण संस्थावाट सम्वन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको । तर कुनै उम्मेदरवारले २०० पूर्णाङ्कको शिक्षा सम्बन्धी विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा प्रवीणता प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त गरेको मानिनेछ ।

(ग) प्राथमिक तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ।माथिल्लो तहको स्थायी अध्यापन अनुमति प्राप्त गरेको व्यक्तिहरु समेत यस विज्ञापनमा उल्लिखित शिक्षक पदमा उम्मेदवार हुन सक्नेछन् ।तर त्यस्ता व्यक्तिहरुले समेत शिक्षा विषयमा १० महिने तालिम पुरा गरेको हुनुपर्नेछ ।

दलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

(२) निम्नमाध्यमिक तह:

(क) नेपाली नागरिक

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको । तर कुनै उम्मेदवारले २०० पूर्णाङ्कको शिक्षा सम्बन्धी विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा प्रवीणता प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त गरेको मानिनेछ ।

(ग) सामाजिक अध्ययन विषय अन्तर्गत अर्थशास्त्र, इतिहास, ग्रामीण विकास, भूगोल, नागरिकशास्त्र, राजनीतिशास्त्र, दर्शनशास्त्र, नीतिशास्त्र, मनोविज्ञान मानवशास्त्र, वातावरण शिक्षा ,स्वास्थ्य शिक्षा, शारीरिक शिक्षा, संस्कृती, समाजशास्त्र, जनसंख्या शिक्षा र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयहरु पर्दछन् ।

(घ) गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुवै विषयमा २००/२०० पूर्णाङ्क लिई प्रकरण (ख) बमोजिम योग्यता पुगेको हुनुपर्ने छ ।

(ङ) निम्नमाध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

(च) कम्प्युटर विषयको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा अन्य जुनसुकै विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा उत्तिर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा १ वर्षको (12 Month Computer in Diploma) कम्प्युटर तालिम प्राप्त । कम्प्युटर विषयको स्वयंसेवक शिक्षक पदको लागि स्थायी अध्यापन अनुमति पत्र आवश्यक नपर्ने । ।तर त्यस्ता व्यक्तिहरुले समेत शिक्षा विषयमा १० महिने तालिम पुरा गरेको हुनुपर्नेछ ।

(३) माध्यमिक तह:

(क)नेपाली नागरिक

(ख)मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा (कम्तिमा ३०० पूर्णाङ्क वा १२ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको ।

(ग)सामाजिक अध्ययन विषय अन्तर्गत अर्थशास्त्र, इतिहास, ग्रामीण विकास, भूगोल, नागरिकशास्त्र, राजनीतिशास्त्र, दर्शनशास्त्र, नीतिशास्त्र, मनोविज्ञान मानवशास्त्र, वातावरण शिक्षा ,स्वास्थ्य शिक्षा, शारीरिक शिक्षा, संस्कृती, समाजशास्त्र, जनसंख्या शिक्षा र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयहरु पर्दछन् ।

(घ)माध्यमिक तहको स्थायी अध्यापन अनुमती पत्र प्राप्त गरेको ।

(४) पुस्तकालय सहायक कर्मचारी:

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

ख) पुस्तकालय सहायक कर्मचारीको हकमा स्थायी अध्यापन अनुमति पत्र आवश्यक नपर्ने ।

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

द्रष्टव्यः- यस कार्यविधिमा अन्यत्र जे सुकै लेखिएको भएता पनि दुई पटक(पहिलो पटक १५(पन्ध्र) दिन, दोस्रो पटक ७(सात) दिन स्थायी अध्यापन अनुमतिपत्र माग गरि विज्ञापन गरि सकेपछि आवश्यक संख्यामा उम्मेदवारको निवेदन प्राप्त हुन नसकेमा तेस्रो पटक सोहि विज्ञापन नम्बरमा स्थायी अध्यापन अनुमतिपत्र नभएकाको लागि ७(सात) दिनको थप विज्ञापन गरी आवेदन माग गरिनेछ ।

५. स्वयंसेवक शिक्षक पद तथा पुस्तकालय सहायक कर्मचारी पदको लागि योग्य नहुने:
देहायका व्यक्तिहरु स्वयंसेवक शिक्षक अनुदान तथा पुस्तकालय सहायक कर्मचारी पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनन ।

(क) गैर नेपाली नागरिक ।

(ख)१८ वर्ष उमेर नपुगेको ।

(ग) ४० वर्ष उमेर पुरा भएको (निजि स्रोत,गा.पा.अनुदानमा अध्यापन गरी राखेकाको हकमा उमेरहद नहुने)

(घ) मगज बिग्रेको ।

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको, भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको ।

(च) अध्यापन अनुमतिपत्र नलिएको ।

(छ) तालिम नलिएको ।

(ज) खण्ड ग मा जुन सुकै कुरा उल्लेख भए तापनि सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि उमेरको हद लाग्ने छैन ।

६. पाठ्यकम,परीक्षण प्रणाली तथा मुल्याङ्कन प्रकृया:- (१) स्वयंसेवक शिक्षक परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

(२) पुस्तकालय सहायक कर्मचारी छनौटको पाठ्यकम अनुसूची-२ मा तोकिएबमोजिम हुनेछ ।

७. स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी छनौट सम्बन्धि व्यवस्था:- स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी छनौट सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी छनौट गर्न कम्तिमा १५ दिनको म्याद दिई गाउँपालिकाको वेभसाइटमा गाउँ कार्यपालिकाको कार्यालयद्वारा सूचना प्रकाशन गरी प्रकाशन गरिनेछ।

(२) स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी छनौट समितिले आवश्यकता अनुसार स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारीका लागि गाउँपालिका द्वारा सृजना गरिएको दरबन्दीमा भर्ना गर्नका लागि सम्बन्धीत विद्यालयले वि.व्य.स. को निर्णय अनुसार स्वंयसेवक शिक्षक छनौट समितिका संयोजकबाट भर्ना अनुमति लिई सम्बन्धित विद्यालयबाट विज्ञापन तथा आवेदन संकलन गरी स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

गाउँपालिका अध्यक्ष

कर्मचारी छनौट समितिका संयोजक र शिक्षा प्रमुखको रोहवरमा गाउँपालिकामा परीक्षा सञ्चालन गरी स्वयंसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी छनौट गर्न सकिने छ ।

(३) स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी नियुक्तीका लागि सूचिकृत विषयविज्ञहरुबाट प्रश्नपत्र निर्माण गरी कार्यपालिका कार्यालयद्वारा सुरक्षित र गोप्यता साथ आवश्यक प्रकृया बढाइनेछ ।

(४) योग्यता पुगेका ईच्छुक उम्मेदवारले अनुसूचि- १ अनुसारको ढाँचामा फाराम भरी गाउँपालिकामा तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ ।

(५) शिक्षक सेवा आयोगले प्राथमिक, निम्नमाध्यमिक, र माध्यमिक तहको खुला प्रतियोतिगातात्मक परीक्षाका लागि निर्धारण गरेको पाठ्यक्रम अनुसार स्वंयसेवक शिक्षकहरुको छनौट हुनेछ ।

(६) स्वंयसेवक शिक्षकको परीक्षा एउटा तहको एउटै मिति र स्थानमा संचालन गरिनेछ ।

(७) स्वयंसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी छनौट सम्बन्धी अन्य प्रक्रिया स्वयंसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी छनौट समितिले तोके बमोजिम हुनेछ ।

८. <u>स्वीकृत नामावलीको सूची टाँस गर्नुपर्ने:-</u> गाउँपालिकाले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

९. <u>परीक्षा हुने मिति,समय र केन्द्र:-</u> गाउँपालिकाले तोकेको मिति,समय र केन्द्रमा सञ्चालन हुनेछ ।

१०. <u>परीक्षा दस्तुर:-</u>

प्राथमिक तह रु.५००

निम्नमाध्यमिक तह रु.७००

माध्यमिक तह रु.१०००

पुस्तकालय सहायक रु.५००

११. <u>परीक्षा पूर्णाङ्क र उत्तीर्णाङ्क:-</u> गाउँपालिकाबाट लिइने प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क देहाय बमोजिम हुनेछः

(क) सामान्य परीक्षा पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ५०

(ख) विषयगत परीक्षा पूर्णाङ्क १०० र उत्तिर्णाङ्क ४०

(ग) प्रयोगात्मक परीक्षा पूर्णाङ्क २५ (कम्प्युटर स्वंयसेवक शिक्षकको लागि मात्र)

(घ) अन्तरवार्ताको पूर्णाङ्क २५

१२. <u>सफल उम्मेदवारको सूची प्रकाशन गरिने:-</u> लिखित परीक्षाबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट आवश्यक पद संख्यामा शिक्षक सेवा आयोगले तोके बमोजिमको अनुपातमा उत्तीर्ण उम्मेदवारहरु थप गरी अन्तरवार्ताको लागि उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ ।

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

CamScanner

१३. <u>अन्तरवार्ता सम्बन्धि व्यवस्था:-</u> दफा १३ बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेदवारको अन्तरवार्ता लिनको लागि छनौट समितिको संयोजकको अध्यक्षतामा अन्तरवार्ता समिति गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय अन्तरवार्ता उपसमिति गठन गर्न सक्नेछ ।

१४. <u>अन्तरवार्ताको अङ्क:-</u> अन्तरवार्ताको लागि छुट्याइएको पच्चीस अङ्क देहाय बमोजिम दिइनेछ । (१) अनुभव वापत सोही तहको अस्थायी, राहत अनुदान कोटा वा विद्यालयले नियुक्त गरेका निजिस्रोत अन्तरगतको शिक्षकको रुपमा काम गरे वापत प्रत्येक वर्षको शून्य दशमलब पाँच दरले बढीमा पाँच अङ्क

(२) शैक्षिक योग्यता वापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए तीन अङ्क,र द्वितीय श्रेणीको भए दुई अङ्क र माथिल्लो शैक्षिक योग्यतावापत प्रथम श्रेणीको भए दुई अंक र द्वितीय श्रेणीको भए एक अंक ।

(३) अन्तर्वाता वापत १५ अङ्क, तर अन्तरवार्ताको अङ्क दिदा कुनै उम्मेदवारलाई ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ ।

(४) मायादेवी गाउँपालिका अन्तरगतको स्थायी बासिन्दा भएमा दुई अङ्क ।

१५. <u>योग्यताक्रम प्रकाशित गर्ने:-</u>

(१) लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल उम्मेदवारले अन्तरवार्तामा प्रास गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्म्दवारको नाम नियुक्तीको लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ ।त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको दश प्रतिशतले हुने संख्या उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्न सकिनेछ ।कुनै उम्मेदवार प्रयोगात्मक परीक्षा वा अन्तरवार्तामा अनुपस्थित भएमा पनि नतिजा प्रकाशन गर्न बाधा पर्नेछैन ।

(२) एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिनेछ ।

१६. <u>नियुक्ति दिने:-</u> सिफारिस गरिएको उम्मेदवारलाई गाउँकार्यपालिकको शिक्षा शाखाबाट नियुक्तीको लागि सार्वजनिक सूचना प्रकाशित गरेको मितिले पन्ध्र (१५) दिनभित्र नियुक्ती लिनु पर्नेछ । कुनै मूल उम्मेदवारले नियुक्ती नलिएमा नियुक्ती विद्यालयमा हाजिर हुन नगएमा वा अन्य कारणले पद रिक्त हुने अवस्थामा तीन (१) महिना भित्र वैकल्पिक उम्मेदवारलाई नियुक्त गरिनेछ ।एक महिनापछि रिक्त हुने पदमा वैकल्पिक उम्मेदबारलाई नियुक्ति दिइने छैन ।

१७. <u>स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी छनौट समिति:-</u> स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारीको नियुक्तीको लागि सिफारिस गर्न गाउँपालिकामा देहाय बमोजिको एक छनौट समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बकडी,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

CamScanner

(ग) विषय विशेषज्ञ २ जना तह र विषय अनुसार - सदस्य

(घ) गाउँपालिकाको शिक्षा अधिकृत - सदस्य -सचिव

१८. <u>छनौट समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-</u>

(क) दरखास्त फारामहरु दर्ता तथा संकलन गर्ने/ गराउने ।

(ख) लिखित परीक्षाको लागि निर्माण गरिएको प्रश्नपत्र गोप्यता कायम राख्ने ।

(ग) लिखित परीक्षा सञ्चालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको व्यवस्था गर्ने ।

(घ) मर्यादित ढङ्गले लिखित परीक्षा सञ्चालन गर्ने/गराउने ।

(ङ) लिखित परीक्षाको उत्तरपुस्तिका शिक्षक सेवा आयोगको परीक्षण विधि अनुसार परीक्षण गराउने ।

(च) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने ।

(छ) अन्तरवार्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तरवार्ता लिने ।

(ज) लिखित र अन्तरवार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने ।

(झ) नियुक्तीका लागि सिफारिस गर्ने ।

(ञ) छनौट प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधिको अवलम्बन गर्ने ।

१९. <u>स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारीको पदस्थापनाः</u>- उम्मेदवारको नियुक्ति सिफारिसका योग्यताक्रम, अनुभव, शैक्षिक योग्यता, विद्यालयको आवश्यकता तथा विशिष्ठताका आधारमा तोकिएको कार्य क्षेत्रमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारीको नियुक्ति र पदस्थापन गरिनेछ । साथै विद्यालयको आवश्यकतालाई महसुस गरी जुनसुकै समयमा स्वयंसेवक शिक्षकलाई गाउँपालिकाको अन्य जुनसुकै विद्यालयमा गाउँ कार्यपालिका कार्यालयको निर्णय अनुसार कामकाजको लागि खटाउन सकिनेछ ।

## <u>परिच्छेद-३</u>

## स्वयंसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारीले पाउने विदा तथा अन्य सेवा सुविधा

<u>२०.स्वयंसेवक शिक्षक र पुस्तकालय सहायक कर्मचारीले पाउने विदाः</u> स्वयंसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारीले पाउने विदा देहायबमोजिम रहेका छन्।

(क) सार्वजनिक विदा बाहेक वार्षिक रुपमा सञ्चित भई जिम्मेवारी नसर्ने गरी मासिक रुपमा १(एक) दिन ।

(ख) किरीया विदा बढिमा १५ दिन ।

(ग) सुत्केरी विदा अघिपछि गरी बढीमा ९८ दिन ।

(घ) सुत्केरी स्याहार विदा बढीमा १५ दिन ।

मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकडी, कपिलवस्तु लुम्बिनी प्रदेश

२१. स्वयंसेवक शिक्षक र पुस्तकालय सहायक कर्मचारीले पाउने अन्य सुविधा:

१. कम्तिमा ६ (छ) महिना करार सेवा गरेमा सालवसाली रुपमा १(एक) महिनाको आधारभूत पारिश्रमिक/निर्वाह खर्च बराबरको चाडपर्व खर्च उपलब्ध गराइने ।

२.सालवसाली रुपमा १(एक) पटक चैत्र महिनामा पोशाक भत्ता अन्य शिक्षक तथा कर्मचारीले पाए सरह उपलब्ध गराइने ।

२२. निर्वाह खर्च उपलब्ध गराइने:-

(१) मायादेवी गाउँ सभाले विनियोजन गरेको स्वंयसेवक शिक्षक व्यवस्थापन शिर्षकको अधिनमा रही गाउँ कार्यपालिकाको निर्णयानुसार पदस्थापन गरिएको स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारीहरुलाई निर्वाह खर्च उपलब्ध गराइनेछ ।

(२) पुस्तकालय सहायक कर्मचारीलाई प्राथमिक तह स्वयंसेवक शिक्षकले पाउने निर्वाह खर्च बराबरको पारिश्रमिक तथा अन्य सुविधा उपलब्ध गराइनेछ ।

(३) स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारीको नियुक्ति प्रक्रिया सम्बन्धि खर्च स्वंयसेवक शिक्षकको व्यवस्थापन खर्च अन्तरगत विनियोजित शिर्षकवाटै स्वीकृत नर्म्स बमोजिम खर्च गरिनेछ ।

## परिच्छेद-४
## ज्यालादारी शिक्षक व्यवस्थापन

२३. ज्यालादारी शिक्षक छनोट गर्ने: (१)गाउँ कार्यपालिकाले शून्य दरबन्दी भएका, एकमात्र दरबन्दी भएका,दरबन्दी संख्या न्यून भएका विद्यार्थी संख्या धेरै भएका सामुदायिक विद्यालयमा तहगत र विषयगत रुपमा आवश्यकताका आधारमा दैनिक वा मासिक शिक्षकको व्यवस्थापन गरी विद्यालयमा पठाउन सक्नेछ ।

(२) गाउँपालिका तथा नेपाल सरकारबाट आवश्यक संख्यामा दरबन्दी पूर्ति नहुँदासम्मका लागि गाउँ कार्यपालिकाले योग्यता पुगेका व्यक्तिलाई ज्यालादारीमा खटाउन सक्नेछ ।

(३) ज्यालादारीमा खटिएका शिक्षकले गाउँ कार्यपालिकाले तोकेको पारिश्रमिक दैनिक वा मासिक हाजिरीका आधारमा विद्यालयबाट प्रमाणित गरी पठाएपश्चात उपलब्ध गराउनेछ ।

२४. ज्यालादारी शिक्षक नरहने:(१)नेपाल सरकारबाट आवश्यक संख्यामा दरबन्दी पुनर्वितरण भएपश्चात र गाउँपालिकाबाट स्वयंसेवक शिक्षक पदपूर्ति भएपश्चात ज्यालादारीका शिक्षक रहने छैनन्।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाबाट ज्यालादारीको रुपमा खटिएका शिक्षकको कार्यसम्पादन सन्तोषजनक नभएमा गाउँ कार्यपालिकाले जुनसुकै वखत हटाउन सक्नेछ ।

## परिच्छेद ५
## विविध

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

२५. म्याद थपः-स्वयंसेवक शिक्षकको कार्य सन्तोषजनक भएमा गाउँकार्यपालिकाको निर्णय अनुसार विनियोजित बजेटको परिधिभित्र रही प्रत्येक वर्षको लागि म्याद थप गर्न सकिनेछ ।

२६. स्वंयसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारीको निर्वाह खर्च थपघट वा खारेज गर्न सक्नेः- संघिय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा प्रर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा गाउँसभाले स्वंयसेवक शिक्षक निर्वाह खर्च थपघट र स्वंयसेवक शिक्षक पद खारेज गर्न सक्ने छ । साथै गाउँसभाबाट बजेटको व्यवस्था हुन नसकेमा स्वतः खारेज भएको मानिने छ तथा गाउँसभाको निर्णय अनुसार मात्र स्वंयसेवक शिक्षकको मासिक निर्वाह खर्च बृद्धि गर्न सकिने छ।

२७. प्रचलित कानून लागू हुनेः-प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुमा सम्बन्धमा सोही बमोजिम हुनेछ ।

२८. अन्तिम व्याख्या-यस कार्यविधिका कार्यान्वयनमा कुनै द्विविधा हुन गएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

२९. खारेजीः-गाउँ कार्यपालिकाले यो कार्यविधि जुनसुकै बखत खारेज गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ७, उपदफा ४ सँग सम्बन्धीत)

स्वयंसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी दरखास्त फाराम

(क) बैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरिमा) | | |
| | | (अंग्रेजीको ठूलो अक्षरमा) | | लिङ्ग : |
| | नागरिकता नं.: | | जारी गर्ने जिल्ला: | मिति : |
| ी ठेगाना | क) जिल्ला : | ख) न.पा./गा.पा. : | ग) वडा नं. : | |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फोन नं. : | |
| ार गर्ने ठेगाना : | | | इमेल : | |
| ो नाम थर : | | जन्म मिति : | (वि.सं.मा) | (ई.सं मा) |
| ो नाम थर : | | हालको उमेर : | वर्ष : | महिना : |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फारम भरेको पदको लागि चाहिने आवश्यक न्युनतम शैक्षिक योग्यता /तालिम मात्र उल्लेख गर्ने)

| यक न्युनतम योग्यता | विश्व विद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधी/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| क योग्यता | | | | | |
| | | | | | |
| म | | | | | |

(ग) अनुभव सम्बन्धि विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधी | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

(घ) दरखास्त सम्बन्धि विवरण

| | | | |
|---|---|---|---|
| | तह : | विज्ञापन नं. : | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरण सत्य छन्। दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरि कुनै सजाय पाएको छैन। मैले कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलीत कानून तथा यस दरखास्त फारमका पृष्टहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु। साथै करारमा उल्लेखित शर्तहरु पूर्णरुपमा पालना गर्नेछु र करारको समय भन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु।

| उम्मेदवारको ल्यापचे /सही छाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मिति : |

ालयले भर्ने :

र/भौचर नं. :

ास्त अस्वीकृत भए सो को कारण :

| | |
|---|---|
| ास्त रुजु गर्नेको नाम र दस्तखत :<br>: | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत :<br>मिति : |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ (१) नेपाली नागरिकताकाप्रमाणपत्रको प्रतिलिपपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्ने सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,४)चारित्रिक प्रमाणपत्रको

मायादेवी गाउँपालिका

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

CamScanner

प्रतिलिपि, प्राविधिक कार्य (ईन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) को प्रतिलिपि, तलिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि आदि ।

मायादेवी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु

## प्रवेश पत्र

विज्ञापन नं. :
परिक्षार्थीले भर्ने
क. नाम,थर :
ख. पद :
ग. तह :
घ. उम्मेदवारको दस्तखत :

हालसालै खिचेको पासपोर्ट साइजको पूरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र कागजमा पर्ने गरी उम्मेदवार दस्तखत गर्ने

| गाउँपालिकाको कार्यालयले भर्ने |
|---|
| यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थमा पनि यो अनुमति रद्द हनेछ। |
| रोल नं........... <br><br> .................. कर्मचारी दस्तदत      .................. कार्यालयको छाप |

मायादेवी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु

## प्रवेश पत्र

विज्ञापन नं. :
परिक्षार्थीले भर्ने
क. नाम,थर :
ख. पद :
ग. तह :
घ. उम्मेदवारको दस्तखत :

हालसालै खिचेको पासपोर्ट साइजको पूरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र कागजमा पर्ने गरी उम्मेदवार दस्तखत गर्ने

| गाउँपालिकाको कार्यालयले भर्ने |
|---|
| यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थमा पनि यो अनुमति रद्द हनेछ। |
| रोल नं........... <br><br> .................. कर्मचारी दस्तदत      .................. कार्यालयको छाप |

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

बलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

अनुसूची-२

(दफा ६, उपदफा २ सँग सम्बन्धित)

पुस्तकालय सहायक कर्मचारीको नियुक्तिका लागि लिइने परीक्षाको पाठ्यक्रम-२०८१

लिखित परीक्षा योजना(Written Examination Scheme)

| विषय क्षेत्र | पूर्णाङ्क | उतीर्णाङ्क | प्रश्न संख्या | अङ्कभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | १०० | ५० | ५० | ५०×२ | वस्तुगत/बहुवैकल्पिक | १ घण्टा |
| विषयगत परीक्षा | १०० | ४० | १० | १०×१० | विषयगत विश्लेषणात्मक | ३ घण्टा |

लिखित परीक्षा अन्तरगत सामान्य परीक्षाको पाठ्यक्रम ढाँचा विषय क्षेत्र र अङ्कभार

| खण्ड | विषय क्षेत्र | परीक्षा प्रणाली | अङ्कभार | प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|
| क | सामान्य ज्ञान | वस्तुगत/बहुवैकल्पिक | ३० | १५ | १ घण्टा |
| ख | शिक्षा सम्वन्धी आधारभूत ज्ञान | | ४० | २० | |
| ग | सूचना तथा सञ्चार प्रविधि | | १० | ५ | |
| घ | संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमहरु | | १० | ५ | |
| ङ | बौद्धिक परीक्षण | | १० | ५ | |

द्रष्टव्यः

१.वस्तुगत/बहुवैकल्पिक परीक्षाको लागि १.घण्टा समय निर्धारण गरिएको छ ।

२.वस्तुगत/ बहुवैकल्पिक प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ ।तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन ।

३.यस पाठ्यक्रम अन्तर्गतका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानुन(ऐन,नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भई हटाइएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

४.सामान्य परीक्षामा उत्तिर्ण गरेका उम्मेदवारहरुले मात्र सम्बन्धित विषयको विषयगत परीक्षामा सम्मिलित गराइने छ ।

५.सम्वन्धित विषयको विषयगत परीक्षामा उतीर्णाङ्क ल्याउने उम्मेदवारले सामान्य परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको ५० प्रतिशत अङ्क जोडेर लिखित परीक्षाको नतिजा प्रकाशन गरिने छ ।

गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी,कपिलवस्तु
लुम्बिनी प्रदेश

पुस्तकालय सहायक कर्मचारीको नियुक्तिका लागि लिइने परीक्षाको पाठ्यक्रम-२०८१

**प्रथम पत्रः सामान्य परीक्षा**

**खण्ड कः सामान्य ज्ञान**

**१. नेपालको भूगोल**

१.१ भौगोलिक अवस्था ,धरातलीय स्वरुप किसिम र विशेषता

१.२ प्राकृतिक स्रोतहरु, किसिम, उपलब्धता उपयोग

१.३ भौगोलिक विविधता र जनजीवन

१.४ हावापानीको किसिम, विशेषता र त्यसको प्रभाव

**२. नेपालको इतिहास,संस्कृति र सामाजिक व्यवस्था**

२.१ आधुनिक इतिहासः महत्वपूर्ण राजनीतिक घटनाक्रम

२.२ नेपाली समाज, बनोट, सामाजिक प्रथा,परम्परागत,मूल्य र मान्यता

२.३ साँस्कृतिक सम्पदा : किसिम, स्थिति, विशेषता,महत्व र संरक्षण

२.४ वातावरण, विज्ञान र प्रविधि

**३.वातावरण, विज्ञान र प्रविधि**

३.१ दिगो विकास, नेपालको जलवायुको अवस्था, हरितगृह प्रभाव, वातावरण प्रदूषण

३.२ पारिस्थितिक पद्दतिः परिचय र प्रकार

३.३ जनसांख्यिकीय, शहरीकरण र बसाइँ सराइ र असर

३.४ जैविक प्रविधि र वैकल्पिक उर्जा

३.५ विज्ञान र प्रविधिको विकास

**खण्ड खः शिक्षासम्बन्धी आधारभूत ज्ञान**

**१. शिक्षाको परिचय र नेपालको शैक्षिक विकास**

१.१ शिक्षाको अर्थ, परिभाषा,स्वरुप, उद्दवेश्यहरु र कार्यहरु

१.२ नेपालको आधुनिक शैक्षिक इतिहास

१.३ शैक्षिक संगठनन र संरचना

**२. शिक्षा मनोविज्ञान**

२.१ शिक्षा मनोविज्ञानः अर्थ, अवधारणा, आवश्यकता र महत्व

२.२ मानव विकासः वृद्धि र विकासको अवधारणा, चरण र विशेषता

२.३ उत्तर बाल्यावस्थाः विशेषता, उत्तर वाल्यावस्थामा देखापर्ने परिवर्तनहरु (शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक परिवर्तन) रुचीहरु

२.४ उत्तरवाल्यवस्थाका विद्यार्थीहरुको सामाजिकीकरणमा शिक्षक र अभिभावकको भूमिका

**३. पाठ्यक्रम तथा पाठ्यपुस्तक**

३.१ पाठ्यक्रमको परिचय, अवधारणा, उद्देश्य, क्षेत्र र क्रम

३.२ राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी,कपिलवस्तु
लुम्बिनी प्रदेश

CamScanner

३.३ पाठ्यक्रममा विविधता व्यवस्थापन, स्थानीय पाठ्यक्रम, एकीकृत पाठ्यक्रम

३.४ पाठ्यक्रम पाठ्यपुस्तक र शिक्षक निर्देशिका र सम्बन्ध

४ शिक्षण सिकाइको योजना, विधि र शिक्षण सामग्री

४.१ शैक्षणिक योजना: अर्थ र आवश्यकता, वार्षिक कार्ययोजना, वार्षिक शैक्षणिक योजना, एकाइ योजना र दैनिक पाठयोजना

४.२ शिक्षण सिकाइ विधि: अर्थ, शिक्षक केन्द्रित शिक्षण विधि, अन्तरक्रियात्मक शिक्षण विधि, विद्यार्थी केन्द्रित शिक्षण विधि

४.३ शिक्षण सामग्री: अर्थ, वर्गीकरण, निर्माण, प्रयोग र भण्डारण

५. शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन

५.१ कक्षाकोठा व्यवस्थापन: अवधारणा, आवश्यकता र महत्व

५.२ कक्षाकोठामा विविधता व्यवस्थापन: भाषिक,लैङ्गिक, अपाङ्गता, आर्थिक,सामाजिक, र साँस्कृतिक

५.३ शैक्षणिक संगठन: कक्षा शिक्षण, बहुकक्षा शिक्षण, विषय शिक्षण, मिश्रित शिक्षण

५.४ विद्यालयमा द्वन्द्व व्यवस्थापन, विपद व्यवस्थापन,संकट व्यवस्थापन

**खण्ड गः सूचना तथा सञ्चार प्रविधि:**

१.१ कम्प्युटर: परिचय, प्रकार, हार्डवेयर, सफ्टवेयर र अफिस प्याकेज, (वर्ड, एक्सेल, पावर, प्वाइन्ट) इमेल इन्टरनेट ।

१.२ शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (श्रव्य,दृष्य तथा अन्तरक्रियात्मक डिजिटल सामग्री, ई पुस्तकालय), विकास र व्यवस्थापन

**खण्ड घः संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमहरु:**

१.१ नेपालको संविधान (मौलिकहक र राज्यका निर्देशक शिद्धान्तहरु)

१.२ शिक्षा ऐन, २०२८

१.३ शिक्षा नियमावली, २०५९

१.४ शिक्षक सेवा आयोग नियमावली,२०५७

१.५ स्थानीय सरकार संञ्चालन ऐन,२०७४ (शिक्षा सम्बन्धि)

**खण्ड ङः सामान्य बौद्धिक परीक्षण**

**१.शाब्दिक बौद्धिक परीक्षण**

१.१ शब्द ज्ञान परीक्षण

१.२ समरुपता

१.३ शाब्दिक वर्गीकरण

१.४ विपरीतार्थक, समानार्थी

१.५ शाब्दिक पजलहरु, अमिल्दा शब्दहरु

**२.गणितीय क्षमता**

१.१ श्रेणीक्रम समस्याहरु

१.२ छुटेका संख्याहरु पुरा गर्ने

१.३ गणितीय पजलहरु

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

CamScanner

पुस्तकालय सहायक कर्मचारीको नियुक्तिका लागि लिइने परीक्षाको पाठ्यक्रम-२०८१

**दोस्रो पत्र: विषयगत परीक्षा**

**१.पुस्तकालय विज्ञानको भूमिका**

१.१ पुस्तकालय विज्ञानको उद्देश्य,आवश्यकता र महत्व

१.२ पुस्तकालय विज्ञानको प्रमुख पाँच सिद्धान्तहरु

१.३ पुस्तकालय सञ्चालनको कार्यप्रणाली

**२. नेपालमा पुस्तकालयको स्थिती:**

२.१ नेपालमा पुस्तकालयको इतिहास

२.२ नेपालमा पुस्तकालयको स्वरुप र विकास

२.३.नेपालका महत्वपूर्ण पुस्तकालयहरु

२.४ अनुसन्धानका लागि पुस्तकालयको महत्व

**३.पुस्तकालयमा पुस्तक प्राप्ति सम्वन्धी जानकारी**

३.१ पुस्तक छनौट एवं खरिद गर्ने तरिका

३.२ पुस्तक दर्तासम्बन्धी ज्ञान

३.३ पुस्तक प्राप्ति तथा भुक्तानी सम्वन्धी ज्ञान

**४.पुस्तकहरुको संभार एवं संरक्षण विधि**

४.१ पुस्तकको सुरक्षाका उपायहरु

४.२ जिल्दवन्दी (Binding) को उद्देश्य र आवश्यकता

४.३ जिल्दवन्दीको प्रकार

**५.पुस्तकालयमा कम्प्युटरको प्रयोग**

५.१ पुस्तकालयमा कम्प्युटर प्रयोग सम्वन्धी सैद्धान्तिक एवं व्यावहारिक ज्ञान

५.२. श्रव्य दृश्य सामग्रीहरुको संकलन र प्रयोग

**लिखित परीक्षा अन्तरगत विषयगत परीक्षाको पाठ्यक्रम ढाँचा विषय क्षेत्र र अङ्कभार**

| खण्ड | विषय क्षेत्र | परीक्षा प्रणाली | अङ्कभार | प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|
| क | पुस्तकालय विज्ञानको भूमिका | विषयगत विश्लेषणात्मक | २० | २ | ३ घण्टा |
| ख | नेपालमा पुस्तकालयको स्थिती | | २० | २ | |
| ग | पुस्तकालयमा पुस्तक प्राप्ति सम्वन्धी जानकारी | | २० | २ | |
| घ | पुस्तकहरुको संभार एवं संरक्षण विधि | | २० | २ | |
| ङ | पुस्तकालयमा कम्प्युटरको प्रयोग | | २० | २ | |

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय